मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २२८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौ १७ गते बुधबार ❑ 2 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–

## पोखरामा पहिचान हुन नसकेका ७८ शव व्यवस्थापन

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

रसुवाको भोटेकोशी नदीमा गत बुधबार गएको बाढीमा मृत्युवरण गरी पहिचान हुन नसकेका ७८ शवको मंगलबार पोखरा महानगरपालिका-१६ लामाचौरको वनक्षेत्रमा जमिनुमुनि सुरक्षित रूपमा व्यवस्थापन गरिएको छ।

पहिचान तथा परीक्षणका लागि विभिन्न जिल्लाबाट ल्याइएका एक सय दुई शवमध्ये ७८ वटालाई कानुनी प्रक्रिया पूरा गरी सुरक्षित रूपमा व्यवस्थापन गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी उपरीक्षक नवीन कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार १९ शव पहिचान गरी आफन्तलाई बुझाइएका छ।

"पाँच शव आफन्तले दाबी गरेकाले पहिचानका लागि केही दिन अस्पतालकै शवगृहमा राखिनेछ", उहाँले भन्नुभयो, "७८ शवलाई अन्तर्राष्ट्रिय रेडक्रस



समितिको मादपण्ड र पहिचान हुन नसकेका तथा बेवारिसे शव व्यवस्थापन सम्बन्धी निर्देशिका अनुसार व्यवस्थान गरिएको छ।" अस्पतालमा बाँकी रहेका पाँच शवमध्ये दुई विदेशी नागरिकको भएका आशङ्का गरिएको उहाँले बताउनुभयो।

सबै शवको परीक्षण तथा डिएनए नमूना सङ्कलन गरिसकेपछि व्यवस्थापनको काम सुरु गरिएको प्रहरी उपरीक्षक कार्कीले उल्लेख गर्नुभयो। शवबाट सङ्कलन गरिएको डिएनएको नमूना राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाइने उहाँले बताउनुभयो । परिवारले खेजी गरी डिएनएसँग मिलान भएमा पछि पुनः पहिचान गरी आफन्तलाई शव बुझाउन मिल्ने गरी व्यवस्थापन गरिएको उहाँको भनाइ छ। नवलपुर, धादिङ, तनहुँ र गोरखाबाट ल्याइएका शव पहिचानका लागि तस्बिर स्क्रिनमा राखेर आफन्तलाई हेर्ने व्यवस्था मिलाइएको थियो । एक हप्तामा १९ वटा शव मात्र पहिचान भई आफन्तलाई बुझाइएको प्रहरी उपरीक्षक कार्कीले जानकारी दिनुभयो। अन्य शव सड्न थालेसँगै स्वास्थ्य महामारीको जोखिम बढ्न सक्ने विज्ञहरूको सुझाव अनुसार सबै कानुनी र वैज्ञानिक प्रक्रिया पूरा गरी जमिनमुनि व्यवस्थापन गरिएको हो। बाढीले बगाएर विभिन्न जिल्लामा पुर्‍याएकाले शव पहिचान जटिल बनेको छ । कतिपय शव चिन्न नसक्ने र पहिचान गर्न असम्भव हुने अवस्थामा भेटिएकाले थप समस्या भइरहेको उहाँले बताउनुभयो। त्रिशूली र नारायणी नदी किनारमा भेटिएका १०२ शवलाई पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मणिपाल शिक्षण अस्पतालमा शव राखिएको थियो।

## भोटेकोशी बाढीपीडितका लागि ४१ लाख ११ हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि पोखराका व्यवसायी नारायणप्रसाद पौडेलको नेतृत्वमा सञ्चालित व्यावसायिक तथा शैक्षिक प्रतिष्ठानले रु ४१ लाख ११ हजार १११ सहयोग गरेका छन्।

सहयोग रकमको चेक मंगलबार अर्थ मन्त्रालयमा अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई प्रतिष्ठानका अध्यक्ष पौडेलले हस्तान्तरण गर्नुभएको हो । अटोवेज प्रालि, प्रतिभा माध्यमिक विद्यालय र गोविन्द-कलावती फाउण्डेसनले उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेका हुन्।

अटोवेज प्रालिबाट रु २५ लाख, प्रतिभा माध्यमिक विद्यालयका शिक्षक-कर्मचारीबाट रु ११ लाख ११ हजार १११ र गोविन्द-कलावती



फाउण्डेसनबाट रु पाँच लाख सहयोग गरिएको हो।

विपद्बाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा सहयोग पुर्‍याउने उद्देश्यले रकम प्रदान गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । उहाँले विपद्को समयमा पीडित नागरिकलाई सहयोग गर्नु सामाजिक उत्तरदायित्वसँगै मानवीय दायित्व भएको बताउनुभयो। "विपद्को समयमा पीडित नागरिकको राहत र पुनःस्थापनाका लागि सरकार, निजी क्षेत्र, सङ्घसंस्था तथा आम नागरिक सबैले सहयोग गर्नुपर्छ", अध्यक्ष पौडेलले भन्नुभयो। उहाँले भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रमा क्षतिग्रस्त विद्यालयको पुनःनिर्माण तथा बालबालिकाको शैक्षिक वातावरण पुनःस्थापनाका लागि आगामी दिनमा सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । "प्रभावित क्षेत्रमा हामी सहयोगलाई आगामी दिनमा निरन्तरता दिनेछौँ । विशेषगरी बाढीले क्षति पुगेको विद्यालयको पुनःनिर्माणमा स्थानीयसँग मिलेर काम गर्नेछौँ", अध्यक्ष पौडेलले भन्नुभयो।

## भोटेकोशी बाढी: एक हजार ६८ शव फेला, चार हजार ६०६ सम्पर्कविहीन

रासस
काठमाडौं, १६ भदौं

रसुवास्थित भोटेकोशी नदीमा भदौ १० गते बुधबार बिहान आएको बाढीमा पेर मृत्यु भएकामध्ये एक हजार ६८ जनाको शव फेला परेको छ । बाढीमा परी अझै चार हजार ६०६ जना सम्पर्कविहीन रहेका नेपाल प्रहरीले जनाएको छ।

प्रहरी प्रधान कार्यालय नक्सालका अनुसार मंगलबारसम्म फेला परेका शवमध्ये ३० बालक, ३५ बालिका, २३२ महिला, ३७१ पुरुष र ४०० जना आंशिक अङ्गसहितका रहेका छन्।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेका अनुसार उद्धार गरिएकामध्ये तीन हजार ४५३ जनालाई होल्डिङ सेन्टरमा राखिएको छ।

नुवाकोटमा दुई हजार ४६६, धादिङमा २६०, रसुवामा ३९८ र काठमाडौंमा ३२९ जना होल्डिङ सेन्टरमा छन् । बाढीपछि उद्धार गरिएकामध्ये तीन हजार २१४ पुरुष, एक हजार ५३० महिला र पहिचान नखुलेका १४ जना रहेका छन् । बाढीपछि उद्धार कार्यलाई तीव्र बनाइए पनि अझै मानिस सम्पर्कविहीन रहेकाले खोजी तथा उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार बाढीमा परी मृत्यु भएका तथा फेला परेका शवको व्यवस्थापनसमेत भइरहेको छ। हालसम्म ५८ वटा शव सम्बन्धित परिवार तथा आफन्तलाई हस्तान्तरण गरिएको छ।

## पोखरा ल्याइएका १९ शव सनाखतपछि आफन्तलाई बुझाइयो

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि विभिन्न स्थानमा फेला परेर पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ल्याइएका १०२ मध्ये १९ शवको सनाखत भएको छ।

यसअघि १५ शवको सनाखतपछि परिवारलाई हस्तान्तरण गरिएकामा सोमबार एक र आज थप तीन शव सनाखत भएको जिल्ला प्रशासन कार्यालय कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो।

उहाँका अनुसार मृतकको पहिचान खुलेसँगै पोस्टमार्टम सम्पन्न गरी सम्वन्धित परिवारजनलाई शव जिम्मा लगाइएको हो । पछिल्लोपटकसिन्धुपाल्चोकजुगल गाउँपालिकाका २१ वर्षीय विरबहादुर श्रेष्ठ, रसुवा उत्तरगया

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भोटेकोशी बाढीपीडितका साथमा पोखरेली

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

पोखराको नयाँबजारस्थित प्रदर्शनी केन्द्रको डोमभित्र सोमबार अपराह्न चहलपहल थियो । कोही चामलका बोरा बोकेर आइरहेका थिए भने कोही स्कुटर र गाडीमा आएर सामानका पोका झार्दै फर्कदै गरिरहेका थिए।

नीलो कुर्था र सेतो सुरुवाल लगाएका महिला भ्यानबाट ओर्लेर धमाधम सामान झार्न थाले। महानगर प्रहरीले उनीहरुलाई सघाइरहेका थिए । उनीहरु थिए पोखरा-१५ नयाँगाउँस्थित बगैंचा मन्टेश्वरीका शिक्षक तथा कर्मचारी। भोटेकोशी बाढीपीडितका लागि खाद्यान्न तथा अन्य राहत सामग्री लिएर शिक्षक कर्मचारी त्यहाँ पुगेका थिए। उनीहरूले करिब रु ३५ हजार बराबरको चामल, गेडागुडी, चाउचाउ, बिस्कुटलगायत खाद्यान्न बाढी पीडितका लागि ल्याएका थिए। विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायत जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएपछि पोखरामा पनि त्यसको पीडा महसुस हुन थालेको छ । बाढीले ठूलो मानवीय क्षति भयो भने कैयौं पुल सडकलगायत संरचना बगे। विद्यालयसमेत बगाउँदा विद्यार्थी, शिक्षक र कर्मचारी प्रभावित बने । "देशको एउटा कुनामा हाम्रा धेरै साथी बाढीबाट पीडित हुनुहुन्छ। हामी सुरक्षित स्थानमा बसेर हेरिरहन




सकेनौं। त्यसैले आफ्नो ठाउँबाट जे सक्छौं, त्यही सहयोग गर्ने कोसिस गरेका हौं", बगैंचा मन्टेश्वरी प्रि स्कुलका संस्थापक प्रिन्सिपल रञ्जता रेग्मीले भन्नुभयो । विपद्का बेला पीडितलाई सहयोग गर्नु मानवीय दायित्व भएको उहाँको भनाइ छ।

विपद्मा परेकालाई सहयोग गर्न पोखरेली सङ्घसंस्था तथा व्यावसायिक प्रतिष्ठानले आफूले सकेको राहत सामग्री लिएर प्रदर्शनी केन्द्र पुग्न थालेका छन् । त्यसका साथै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमासमेत रकम जम्मा भइरहेको छ । पोखरा नयाँबजारका गणेश शाही पनि बाढी प्रभावितका लागि कपडा, भाँडाकुँडालगायत सामग्री लिएर आउनुभएको थियो। प्रभावित क्षेत्रको क्षति असाध्यै ठूलो रहेकाले आफूहरुको सहयोग सामान्य भए पनि पीडामा साथ दिनुपर्छ भन्ने भावना राखिएको शाहीले बताउनुभयो । "मरेर जाने त गए तर बाँचेकाहरु झन् बढी समस्यामा परेको देखेका छौं। उनीहरुलाई आफूले सकेको सहयोग गरौं भनेर आएका हौं। त्यहाँको क्षति हेर्दा हाम्रो सहयोग केही पनि होइन तर पीडामा केही न केही नगरिकन मन मानेन", शाहीले भन्नुभयो।

रसुवाको भोटेकोशी नदीमा गत बुधबार आएको बाढीबाट प्रभावित नागरिकको राहत तथा पुनःस्थापनाका लागि पोखरा महानगरपालिकाले नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा राहत सङ्कलन केन्द्र स्थापना गरेको छ। महानगरले यही भदौ १४ गतेदेखि राहत सहयोग अभियान सञ्चालन गरिरहेको छ। यो अभियान भदौ १८ गतेसम्म सञ्चालन हुने महानगरले जनाएको छ। अभियानमा खाद्यान्न, लत्ताकपडा, बन्दोबस्तीका सामग्री, औषधिलगायत आवश्यक सामग्री सङ्कलन भइरहेको छ। महानगरले इच्छुक व्यक्ति, सङ्घसंस्था तथा व्यावसायिक प्रतिष्ठानलाई राहत सामग्री उपलब्ध गराउन सार्वजनिक आह्वान गरेको छ। केन्द्रमा सङ्कलन भएका राहत सामग्री महानगर प्रहरी बलको पृथ्वीचोकस्थित कार्यालयमा जम्मा गरिएको छ । त्यहाँबाट राहत सामग्री आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गरी एकद्वार प्रणालीमार्फत बाढी प्रभावित क्षेत्रमा पठाइने महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो।

उहाँले भन्नुभयो, "विपद्का समयमा प्रभावित नागरिकलाई सहयोग गर्न राहत सङ्कलन अभियान सुरु गरेका छौं। सक्दो सहयोग गर्न नगरवासीमा आह्वान गरेका छौं । सहयोग जुटिरहेको छ। नागरिकले स्वतःस्फूर्त रूपमा उपलब्ध गराइदिनुभएको छ। हामी सङ्कलित राहत सामग्री प्रभावित क्षेत्रमा छिट्टै पुर्‍याउने छौं।" महानगरले यसअघि प्रधानमन्त्री दैवी प्रकोप उद्धार तथा राहत कोषमा रु ४५ लाख सहयोग गरिसकेको छ। त्यसैगरी अत्यावश्यक सामग्रीसहित स्वास्थ्यकर्मी र नगर प्रहरीको सहायता टोली बाढी प्रभावित क्षेत्रमा अहिले उद्धार र खोजीका लागि खटिएको छ।

भोटेकोशी बाढीबाट प्रभावितका लागि पोखरेलीले राहत सामग्री मात्र नभई आर्थिक सहयोगसमेत गरेका छन्। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा यहाँका सरकारी निकाय, निजी क्षेत्र, पर्यटन व्यवसायी, विद्यालय तथा व्यापारिक प्रतिष्ठानले स्वःस्फूर्त रुपमा सहयोग गरिरहेका छन्।



# कास्कीलाई पूर्ण मानव अधिकार प्रत्याभुत जिल्ला निर्माण गरौं - जिसस कास्की प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले कास्कीलाइ मानव अधिकारको पूर्ण प्रत्याभूत जिल्ला बनाउन आव्हान गर्नुभएको छ।

प्रमुख पौडेलले सो कुरा मानव अधिकार सम्बन्धि छैटौं राष्ट्रिय कार्ययोजना(आ.ब.२०८३/८४-२०८७/८८) कार्ययोजना कार्यान्वयन समन्वय बैठकलाई सम्बोधन गर्दै उक्त कुरा बताउनु भएको हो । कास्कीमा मानव अधिकार उल्लङ्घन र हननका कुरा बढिरहेको कुरा तर्फ इङ्गित गर्दै मानव अधिकारको पूर्ण पालनामा स्थानिय तहहरूले विशेष नीति र कार्यान्वयनको योजना बनाउन आग्रह गर्दै सो को लागि बिशेश बजेटको ब्यबस्था गर्न आग्रह गर्नुभयो। एउटै प्रकृतिका काम गर्ने नागरिकहरू बिचको विभेदको अन्त्य गर्ने दायित्व पूरा गर्न सरकार चुक्न नहुने भन्दै राज्य संरचना गम्भीर हुन नसकेको उल्लेख गर्नुभयो । कास्कीको रूपा गाउँपालिका अध्यक्ष नवराज ओझाले मानव अधिकारको बिषय हरेक पालिकाले पहिलो प्राथमिकतामा राख्नु पर्ने भन्दै आफू त्यसमा प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो। ओझाले मानव अधिकार हननका बिषयलाइ स्थानिय स्तरमा कानुनी दायरामा ल्याए मात्रै उल्लङ्घनका घटना न्यूनीकरण हुने उल्लेख गर्नुभयो।

बैठकमा जिसस कास्की उप -प्रमुख सरिता माल, जिल्ला समन्वय अधिकारी नवराज बराल ,नागरिक समाज कास्कीका अगुवा राम बहादुर पौडेल,गैरसरकारी संस्था महासंघ कास्की अध्यक्ष इन्दिरा पौडेल, जिल्ला बारकास्कीका अध्यक्ष जिसस कास्किका शाखा अधिकृत लक्ष्मु शर्माले छैटौं मानव अधिकार सम्बन्धि राष्ट्रिय कार्ययोजनाको प्रभाबकारी कार्यान्वयनका सन्दर्भमा आफ्नो धारणा राख्नुभएको थियो । समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा बैठक सम्पन्न भएको थियो।

# रेष्टुरेन्ट व्यवसायी, रेवान पोखरा, पदाधिकारी र सदस्यको सहकार्यमा १२ लाख राहत कोषमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

रसुवा, भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनाका लागि रेस्टुरेन्ट तथा बार एसोसिएसन (रेबान) पोखराले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा १२ लाख २७ हजार ७ सय ७६ रुपैया सहयोग गरेको छ।

रेबान पोखराका अध्यक्ष विश्वराज पौडेल सहितको टोलीले आज (मंगलबार) कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङलाई उक्त रकम बराबरको भौचर हस्तान्तरण गर्नु भएको हो।

संस्थाको सामाजिक उत्तरदायित्वको भावना सहित रेबान पोखरासँग आबद्ध रेष्टुरेन्ट तथा क्याफे व्यवसायी, संस्थाका पदाधिकारी र सदस्यहरूको सहकार्यमा रकम संकलन गरी आजै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको अध्यक्ष पौडेलले बताउनुभयो । "विपद् को समयमा व्यवसाय मात्र होइन, समाजप्रतिको दायित्व पनि उत्तिकै महत्वपूर्ण हुन्छ। त्यसैले रेबान पोखरा, पदाधिकारी तथा सदस्यहरूको सहकार्यमा रकम संकलन गरी बाढी प्रभावित नागरिकको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरेका हौं," अध्यक्ष पौडेलले भन्नुभयो।

राहत कोषमा रेबान पोखराको तर्फबाट ५० हजार, पूर्व अध्यक्ष नरेश भट्टराई एवं माउन्ट कैलाश रिसोर्ट प्रालिबाट २ लाख ५ हजार ५ सय ५५, प्रथम उपाध्यक्ष एवं टेम्पल ट्री रिसोर्टबाट २ लाख ११ हजार १ सय ११, रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल तथा टेम्पल बेल बुटिक रिसोर्टबाट १ लाख ५ हजार ५ सय ५५, कार्यकारी सदस्य योगेश भट्टराई तथा विजिबि क्याफे परिवारबाट १ लाख, कार्यकारी सदस्य सुनिल भट्टराई तथा म्याजेष्टिक लेक फन्ट होटलबाट १ लाख, कार्यकारी सदस्य सफल थापा तथा जर्मन बेकरी परिवारबाट १ लाख, पूर्व अध्यक्ष एवं गोपी बहादुर भट्टराई तथा प्यारा डिसो क्याफे एण्ड वारबाट ५१ हजार, कार्यकारी सदस्य सुमन भट्टराई तथा किवी ब्याकपेपरबाट ५१ हजार सहयोग प्राप्त भएको रेवान पोखराले जनाएको छ।

त्यसै गरी बुमह्याङ रेष्टुरेण्टबाट २५ हजार, लक्ष्मण रेष्टुरेण्टबाट २५ हजार ५ सय ५५, कफि ब्रेकबाछ २५ हजार, फेवा थकालीबाट २५ हजार, माया पप रेष्टुरेण्टबाट २५ हजार, सेन्ट्रल भिल्ला रिसेप्सन प्रालिबाट १५ हजार, स्मार्ट तन्दुरीबाट १५ हजार, बि ह्याप्पी रेष्टुरेण्टबाट १५ हजार, फेवा लेक रेष्टुरेण्टबाट १५ हजार, जाभिस्टा क्याफेबाट १० हजार, द ओल्ड लानहुआ चाइनिज रेस्टुरेन्टबाट २८ हजार, द ओल्ड लानहुआ चाइनिज रेस्टुरेन्टका कर्मचारीबाट ३० हजार सहयोग प्राप्त भएको रेवान पोखराले जनाएको छ । रेबान पोखराले विपद्को समयमा व्यवसायीहरूको तर्फबाट सामाजिक उत्तरदायित्व निर्वाह गर्दै यसअघि पनि विभिन्न सामाजिक तथा मानवीय गतिविधिमा सहभागिता जनाउँदै आएको जनाएको छ।

# बाँझापाटन तमु समाजको अध्यक्षमा सु.इन्द्रवहादुर गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



पोखरा महानगरपालिका वडा नं १३ स्थित बाँझापाटन तमु समाजको प्रथम वार्षिक साधारण सभा तथा प्रथम अधिवेशन हालै सम्पन्न भयो ।

समाज विस २०२९ सालमा स्थापना भई विस २०७९मा स्वर्ण महोत्सव मनाइसकेको भएतापनि समाज २०८२ मा दर्ता पछि पहिलो अधिवेशन गरिएको हो । अधिवेशनले सु.इन्द्रबहादुर गुरुङलाई अध्यक्षमा चयन गरेको छ। समाजको उपाध्यक्षमा भीमसिंह गुरुङ, सचिवमा कुलप्रसाद गुरुङ, कोषाध्यक्षमा देउबहादुर गुरुङ, सह सचिवमा मेनकुमार गुरुङ कालु र सह सहकोषाध्यक्षमा देवकुमार गुरुङ चयन भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश शेरजंग गुरुङ, प्रेमकुमारी गुरुङ, पूर्णकुमारी गुरुङ, देवी गुरुङ र तिजा कुमारी गुरुङ रहेका छन् । पोखरा महानगरपालिका वडा नं १३ का वडा अध्यक्ष किरण वरालले अधिवेशनको उद्घाटन गरेका थिए । बाँझापाटन तमु समाजका अध्यक्ष सु.इन्द्रवहादुर गरुङको अध्यक्षतामा भएको कार्यक्रममा वाँझापाटन आमा समुहका उपाध्यक्ष पूर्णकुमारी गुरुङ, समाजका पूर्व अध्यक्ष सु.मे. चेतवहादुर गुरुङ लगायत वोलेको कार्यक्रममा प्रथम उपाध्यक्ष भिमसिंह गुरुङले स्वागत र सचिव कुलप्रसाद गुरुङले संचालन गरेका थिए। समाजका अध्यक्ष सु इन्द्रवहुदर गुरुङ र कोषाध्यक्ष देउबहादुर गुरुङले प्रस्तुत गरेका प्रतिवेदन सर्वसम्मत पारित भएको छ।

# मुख्यमन्त्रीद्वारा नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडक निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले अविरल वर्षाका कारण क्षतिग्रस्त भई अवरुद्ध बनेको कास्कीको अन्नपूर्ण गाउँपालिकास्थित नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडकको मंगलबार निरीक्षण गर्नुभएको छ।

गत साउन अन्तिम साता मोदी खोलाको बाढीले ठाउँठाउँमा कटान गर्दा यो सडक खण्ड अवरुद्ध हुँदै आएको छ। यसबाट अन्नपूर्णका चार वडा सडक सञ्जालबाट सम्पर्क विच्छेद भएका छन्।

बाढीले अन्नपूर्ण गाउँपालिका-८ बिरेठाँटीमा १०० मिटर पक्की कालोपत्रे सडक बगाएको छ भने बस्ती जोखिममा परेको छ । सो स्थानमा अहिले प्रदेश सरकार, अन्नपूर्ण गाउँपालिका, नेपाली सेना तथा स्थानीयवासीको सक्रियतामा सडक मर्मत तथा पुनःस्थापनाको काम भइरहेको छ। सडकको अवस्था, भइरहेको मर्मतको प्रगति तथा तत्काल गर्नुपर्ने कामबारे जानकारी लिँदै मुख्यमन्त्री पाण्डेले सडक छिट्टै सञ्चालनमा ल्याउन प्रदेश सरकारले सहयोग गर्ने बताउनुभयो । "अवरुद्ध सडकलाई यथाशीघ्र सञ्चालनमा ल्याएर स्थानीयवासीको आवागमन सहज बनाउने गरी काम भइरहेको छ । प्रदेश सरकारलगायत निकायको निरन्तरको प्रयास र सहकार्यबाट सडक छिट्टै सञ्चालनमा आउने अपेक्षा गरेका छौं", उहाँले भन्नुभयो।

मोदी बाढीले सबैभन्दा बढी प्रभावित बनाएको बिरेठाँटी तथा चिम्रुङ, हाइजुङलगायत आसपासका क्षेत्रमा पनि बाढीपहिरोले क्षति पुऱ्याएको छ। चिम्रुङ तमु चोक स्याउली बजार सडक खण्डमा पनि अहिले वैकल्पिक ट्र्याक खन्ने काम भइरहेको गाउँपालिकाले जनाएको छ । मुख्य सडकमा क्षति पुगेपछि स्थानीयको दैनिक आवतजावतसँगै पर्यटकीय गतिविधिसमेत प्रभावित बनेका छन्।

सडक पुनःनिर्माणका लागि नेपाली सेनाले १०० जना जनशक्ति परिचालन गरेको र गाउँपालिका र प्रदेश सरकारको सहयोगमा अवरुद्ध सडकको पुनःनिर्माणको काम भइरहेको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो । उहाँका अनुसार नेपाली सेनाले जनशक्ति उपलब्ध गराएको छ भने प्रदेश सरकारले आवश्यक तारजाली उपलब्ध गराएको छ।

बिरेठाँटी घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो । त्यस्तै, बीरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने महत्वपूर्ण पर्यटकीय मार्गसमेत यही क्षेत्रबाट सञ्चालन हुँदै आएको छ । पर्यटकीय मौसम आउनै लाग्दा सडक अवरुद्ध भएपछि पर्यटन क्षेत्र सुस्ताएको छ भने स्थानीयवासीको समेत दैनिकी प्रभावित बनेको छ।

# बाढी पीडितलाई मुस्लिम समुदायको सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

बाढी पहिरोलगायत प्राकृतिक विपद परेका पीडित परिवारको सहयोगार्थ अन्जुमन इस्लाहुल मुस्लेमिन पोखरा-१३ले गरेको सहयोग अभियान अन्तर्गत मियाँपाटान मुस्लिम समुदायले सोमवार प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. २ लाख २५ हजार ७ सय ८६ जम्मा गरिएको छ।

विपद परेका परिवारलाई राहत र सहयोग पुगोस् भन्ने उद्देश्यले सञ्चालन गरिएको यस अभियानमा आफ्नो क्षमताअनुसार सहयोग गर्ने सम्पूर्ण दाता तथा सहयोगी मनहरूप्रति मुस्लेमिन परिवार र पोखरा मियाँपाटन मुस्लिम समुदायले हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गरेका छन्। मुस्लेमिनले एक विज्ञप्ति मार्फत सहयोग रकम सानो वा ठूलोभन्दा पनि विपद्का बेला देखाइएको मानवता, एकता र सहयोगको भावना नै सबैभन्दा महत्वपूर्ण रहेको जनाएको छ । दाताहरूबाट प्राप्त सहयोगले बाढीपीडित परिवारका लागि ठूलो आशा र सहाराको काम गरेको समुदायको भनाइ छ । "सहयोगको रकमभन्दा ठूलो सहयोगीमनको भावना हो," समुदायले भनेको छ, "विपद्को समयमा दुःखमा परेका परिवारको साथमा उभिनु नै मानवताको सच्चा उदाहरण हो ।" यस पुण्य कार्यमा हातेमालो गर्ने सम्पूर्ण सहयोगीप्रति सम्मान व्यक्त गर्दै समुदायले अल्लाहले सबैको पुण्य कार्य कबुल गरून् र उत्तम प्रतिफल प्रदान गरून् भन्ने कामना गरेको छ।

# गण्डकी प्रदेशसभाको दशौँ अधिवेशन अन्त्य

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं

गण्डकी प्रदेशसभाको दशौँ अधिवेशन अन्त्य भएको छ।

प्रदेश सरकारको सिफारिसमा गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम सोमबार राति १२:०० बजेदेखि अधिवेशन अन्त्य गर्नुभएको हो।

प्रदेशसभा सचिवालयले सोमबार सूचना जारी गर्दै चालु अधिवेशन २०८३ भदौ १५ गते राति १२:०० बजेदेखि लागू हुनेगरी अन्त्य भएको जनाएको छ । जेठ ११ गते सुरु भएको दशौँ अधिवेशन करिब तीन महिनापछि अन्त्य भएको हो।

बजेट अधिवेशनका रूपमा सुरु भएको यस अधिवेशनमा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट पारित हुनुका साथै महत्वपूर्ण कानुन निर्माणको काम पनि अघि बढेको थियो।

संविधानको धारा १८३ को उपधारा (२) ले प्रदेश प्रमुखले प्रदेशसभाको अधिवेशन अन्त्य गर्न सक्ने व्यवस्था छ । सोहीसंवैधानिकव्यवस्थाअनुसार प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुख भट्टले दशौँ अधिवेशन अन्त्य गर्नुभएको हो।

# आदर्श युवा क्लबद्वारा रसुवा बाढीपीडितलाई चार लाख सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १६ भदौं




गत भदौ १० गते रसुवामा गएको विनाशकारी बाढीबाट प्रभावितहरूका लागि पोखरा महानगरपालिका-२९ स्थित आदर्श युवा क्लबले चार लाख रुपैयाँ राहत सहयोग घोषणा गरेको छ।

क्लबले आफूले सञ्चालन गर्दै आएको आदर्श कप प्रतियोगिताबाट बचत भएको रकममध्येबाट उक्त राशि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरेको हो । मंगलबार आयोजित राहत रकम घोषणा कार्यक्रममा क्लबका अध्यक्ष पदम गुरुङले वडा सदस्य निर्मला पौडेलको रोहबरमा सहयोग रकम घोषणा गरेका थिए।

क्लबले विगतमा तीजका अवसरमा दर खुवाउने कार्यक्रम गर्दै आए पनि यसपटक बाढीपीडितको राहतमा नै रकम खर्च गर्ने निर्णय गरिएको अध्यक्ष गुरुङले वताएका थिए।

क्लबले खेलकुद गतिविधिसँगै सामाजिक तथा परोपकारी कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ। उक्त अवसरमा वडा सदस्य निर्मला पौडेलले बाढीबाट भएको मानवीय तथा भौतिक क्षतिप्रति दुःख व्यक्त गर्दै यो घडीमा सरकार र प्रभावित नागरिकलाई सहयोग गर्नु सबैको साझा दायित्व भएको बताउँदै स्थानीय तह, संघसंस्था, निजी क्षेत्र तथा आम नागरिकलाई समेत सहयोगका लागि अघि बढ्न आह्वान गरेकी थिईन।

लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारीले अधिकारीले देश दुःखमा परेको समयमा क्लबले राहत सहयोग गर्ने निर्णय गरेकोमा धन्यवाद व्यक्त गरिन्। उनले सामाजिक संघसंस्थाले विपद्का समयमा देखाउने सहयोग र सहकार्यले पीडितलाई ठूलो राहत पुग्ने बताइन् । नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य छत्रधर आत्रेयले बाढीपहिरोजस्ता विपद्का घटनामा परेका नागरिकको तत्काल उद्धार र राहतमा सबै पक्ष जुट्नुपर्नेमा जोड दिए। विपद्का समयमा मानवीय सहयोग नै महत्वपूर्ण हुने भन्दै उनले आदर्श युवा क्लबले गरेको सहयोगको प्रशंसा गरे।

कार्यक्रममा क्लबका सल्लाहकार चेतबहादुर गुरुङ र पूर्वअध्यक्ष विजय गुरुङसहित विभिन्न टोल विकास संस्था, आमा समूह र सामाजिक संघसंस्थाका प्रतिनिधिहरू उपस्थित थिए भने कार्यक्रमको सञ्चालन क्लबका सचिव सन्तोष गुरुङले सञ्चालन गरेका थिए।

## पोखरा ...

गाउँपालिकाका २६ वर्षीय अनिता तामाङ, विदुर नगरपालिका बेत्रावतीका ३३ वर्षीया अष्टलक्ष्मी डङ्गोल र सोही ठाउँका ३२ वर्षीया सोनिया डङ्गोलको शवको पहिचान, कानुनी प्रक्रिया तथा पोस्टमार्टम सम्पन्न भएपछि आफन्तलाई शव बुझाइएको हो । यसअघि १४ पुरुष र एक महिलाको शव सनाखत भइसकेको थियो।

पोखरामा पहिचान भएकामा चितवनका ३६ वर्षीय सत्यसुन्दर प्रजापति, अर्घाखाँचीका ४५ वर्षीय नारायणबहादुर थापा, मकवानपुरका ३६ वर्षीय उद्धव खड्का, नवलपरासी पश्चिमका ३७ वर्षीय यादव भण्डारी, इलामका ३८ वर्षीय दीपक भनिने दिवानन्द सुवेदी र धादिङ घर भई काठमाडौं बस्दै आएका ४२ वर्षीय सञ्जोग घर्ती रहेका थिए । यसैगरी नुवाकोटकी ५६ वर्षीया शारदा ढकाल, गोरखाका ५५ वर्षीय यमबहादुर थापा, पाल्पा घर भई रसुवाको इलाका प्रहरी कार्यालय टिमुरेमा कार्यरत प्रहरी सहायक हवल्दार ३४ वर्षीय दीपेन्द्र विष्ट, नुवाकोटका पाँच वर्षीय प्रतिन्स तामाङ, रसुवाका प्रभास भनिने पुरुषोत्तम रैला, सप्तरीका २८ वर्षीय सन्तोष चौधरी, काभ्रेपलाञ्चोकका ४६ वर्षीय डीकबहादुर कायस्थ, गोरखाका ४० वर्षीय केदार पण्डित र काठमाडौंका ३४ वर्षीय राजु सुनारको शव पहिचानपछि आफन्तले बुझेको प्रजिअ बरालले जानकारी दिनुभयो।

भोटेकोशी बाढीपछि धादिङ, गोरखा, तनहुँ र नवलपरासीका विभिन्न स्थानमा फेला परेका १०२ शवलाई पहिचान तथा कानुनी प्रक्रियाका लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान ल्याइएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

सपनामा मैले देखे जीवन सौन्दर्य हो, ब्यूझ्दा मैले पाए जीवन कर्तव्य हो । – फारसी उखान

## सम्पादकीय

# विपक्षीका सुझाव कार्यान्वयन गर

रसुवामा गएको विनाशकारी बाढीका कारण उत्पन्न परिस्थितिमा सरकारले तत्काल गर्नुपर्ने कामका बारेमा नेपाली काँग्रेस र नेकपा एमालेले बुँदागत सुझाव दिएका छन । काङ्ग्रेस संसदीय दलका नेता भिष्मराज आङ्दम्वेले प्रधानमन्त्री बालेन्द्र शाहलाई नौ बुककदे सुझाव दिएका थिए । भदौ १० गते रसुवाको भोटेकोशी नदीमा भीषण बाढी गएको थियो । उक्त बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरूका रसुवागढी, टिमुरे, स्याफ्रुवेशी, मैलुङ, बेत्रावती, त्रिशुली, ढुंगे, देवीघाट लगायतका बस्तीहरूमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको छ ।

ती क्षेत्रको स्थलगत निरीक्षणका लागि एमालेका महासचिव शंकर पोखरेलको नेतृत्वमा एक टोली भदौ ११ गते नै नुवाकोटतर्फ प्रस्थान गरेको थियो । टोलीमा नेताहरू विष्णु रिमाल, राजन भट्टराई, कृष्णगोपाल श्रेष्ठ, विशाल भट्टराई, पार्वत गुरुङ, विनोद श्रेष्ठ, निरज आचार्य, अमित लामा लगायत गएका थिए । टोलीले स्थलगत निरीक्षण तथा घाइतेसँग भेटघाट गरेको थियो । टोलीले बाढीबाट अत्यधिक प्रभावित बनेको विदुर नगरपालिकास्थित ढुंगे बजार क्षेत्रको प्रत्यक्ष स्थलगत अवलोकन गरेको थियो । यसैगरी, स्थानीय अस्पताल पुगी बाढीका घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै देवीघाट बजार क्षेत्रको बाढीग्रस्त अवस्थाको समेत निरीक्षण गरेको थियो । साथै, महासचिव पोखरेलले बाढीले अति प्रभावित जिल्ला रसुवाकाबारे उपलब्ध ब्यक्तिहरु संग जानकारी लिएका थिए । यसआधारमा एमालेले 'राहत/उद्धारसम्बन्धी सुझाव प्रतिवेदन' तयार पारेको छ । जसमा सरकारले तत्काल गर्नुपर्ने ८ काम औंल्याइएको छ। तीनवटै सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूलाई समेटेर तुरुन्त एकीकृत 'कमान्ड पोस्ट' निर्माण गर्ने पहिलो सुझाव छ। मुख्य सडक नजोडिएसम्म वैकल्पिक माध्यम (जस्तैः तुइन, फलामे डोरी वा साना अस्थायी पुल) मार्फत जोखिममा रहेका क्षेत्रहरूमा खानेपानी, औषधि र खाद्यान्न पुर्‍याउने । सडक खुलाउने र बेलिब्रिज : स्थलमार्ग खुलाउन निजी क्षेत्रका ठूला हेभी इक्युपमेन्टहरू (उपकरणहरू) परिचालन गरी युद्धस्तरमा काम गर्ने तथा नदी एवं ठूला खोलाहरूमा तत्काल बेलिब्रिज जडान गर्ने । सुझाव छ । टोखा शिवपुरी लिखु तादी सूर्यगडी- सरनथलि हुँदै नवकुण्ड कालिका धुन्चे सडक मर्मत गरी सञ्चालनमा ल्याउने । लिखु सूर्यगढी निस्केर जाने बाटो यस्को अर्को विकल्पको रुपमा प्रयोग गर्ने ।

धादिङवाट मध्यपहाडी राजमार्ग वाट किस्पाङ, तारकेश्वर हुदै रसुवा जाने बाटो मर्मत गरी शीघ्र सञ्चालनमा ल्याउने सुझाव छ। खोजी कार्यमा तीव्रताः डुबान क्षेत्रको भग्नावशेष र दलदलमा दबेका शवहरूको खोजी कार्यलाई तीव्रता दिन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्ने । जलविधुत आयोजनाका सुरुङमा फसेका देशी तथा विदेशी कामदारहरुको शीघ्र उद्धार गर्ने । नागरिक स्वयंसेवक परिचालनः राहत र उद्धारका लागि सुरक्षा निकायका अतिरिक्त कामको प्रकृतिका आधारमा नागरिक स्तरबाट स्वयंसेवकहरूलाई तत्काल परिचालन गर्ने । भोटेकोशी तथा त्रिशुली बाढीमा परी मृत्यु भएका र हराएकाहरुको स्मृतिमा पार्क निर्माण गर्ने । मानवीय संकटको यस घडीमा राजनीति गर्ने वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई नरहेको भन्दै एमालेले सरकारको ध्यानाकर्षण गरेको छ । यस्तो सुझावसहितको प्रतिवेदन तयार पारेर निरीक्षण टोलीले आइतबार पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएको छ। प्रतिवेदनमा विपदेग्रस्त क्षेत्रको यथार्थ र सरकारी संयन्त्रको उपस्थितिबीच ठूलो खाडल रहेको भनेर पनि औंल्याइएको छ ।

काङ्ग्रेस संसदीय दलका नेता आङ्देम्बेले कांग्रेस पनि विपद्को समयमा राजनीतिक प्रचारभन्दा विशुद्ध मानवीय सेवामा केन्द्रित हुनुपर्ने बताए । नेपाल तरूण दल लगायत पार्टीका भ्रातृ संस्थालाई समेत पार्टीको झण्डा बोकेर राहत वितरण नगर्न निर्देशन दिइएको उनले बताए। उनले प्रधानमन्त्री बालेन शाहसँग भोटेकोशी र त्रिशूली बाढीले पुग बगेको भन्दै तत्कालका लागि तुइनको व्यवस्था गर्न आग्रह गरिएको पनि बताए। साथै उनले अन्तर्राष्ट्रिय टोलीहरूलाई उद्धार गर्न तत्काल अनुमति दिइयोस् भनेर प्रधानमन्त्री बालेनसँग माग गरेका थिए।विगतमा विपद्को बेला सरकारको नेतृत्व गरेका दलका नेताहरूका सुझाव लिनु अहिलेलाई संकटको सामना गर्नु हो।

# 'मिडिया कप'मा एनएसजेएफका सदस्य सहभागी हुन पाउने

पोखरापत्र संवाददाता
पोखरा, १६ भदौं

कल्प मिडिया एण्ड मल्टिपर्पोज प्रालिद्वारा संचालित नयाँलिपि न्यूज डटकमको आयोजनामा असोज २ गतेदेखि गण्डकी प्रदेशस्तरीय 'मिडिया कप फुटसल प्रतियोगिता -२०८३' सुरु हुँदैछ।

उक्त प्रतियोगितामा नेपाल खेलकुद पत्रकार मञ्च, गण्डकीका सदस्यले सहभागी हुने पाउने मिडियाले जनाएको छ । कल्पका अध्यक्ष सुरज श्रेष्ठले अन्य खेलाडीको हकमा भने नेपाल पत्रकार महासंघको सदस्य हुनुपर्ने जनाएका छन्। अन्य विधाका पत्रकार र खेल पत्रकारबीचको सम्बन्धलाई थप सुदृढ गर्दै आपसी भाइचारा र पेशागत सहकार्यलाई घनीभूत बनाउन मञ्चका खेलाडीलाई आव्हान गरेको श्रेष्ठले बताएका छन्। पोखरा रंगशालाको मल्टिपर्पोज खेल मैदानमा असोज २ र ३ गते प्रतियोगिता सञ्चालन हुने मिडिया कप फुटसलको तयारी तीब्र पारिएको जनाउँदै अध्यक्ष श्रेष्ठले अन्य संस्थासँग साझेदारीका काम भइरहेको बताएका छन् । अध्यक्ष श्रेष्ठले दिएको जानकारी अनुसार प्रतियोगिताको विजेताले नगद ५० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल प्राप्त गर्नेछन् । त्यसैगरी दोस्रो हुने टोलीले नगद ३० हजार रुपैयाँ, शिल्ड, प्रमाणपत्र र मेडल पाउनेछन् । प्रतियोगितामा व्यक्तिगत विधातर्फ पनि पुरस्कारको व्यवस्था गरिएको छ। आयोजकका अनुसार सर्वोत्कृष्ट खेलाडी, सर्वोत्कृष्ट प्रशिक्षक र सर्वोत्कृष्ट गोलकिपरलाई जनही ५ हजार रुपैयाँ प्रदान गरिनेछ।

प्रत्येक खेलमा 'म्यान अफ दि म्याच' हुने खेलाडीले १५ सय रुपैयाँ पुरस्कार पाउनेछन्। सहभागी जिल्लालाई मायाको चिनो र प्रमाणपत्र समेत प्रदान गरिने श्रेष्ठले बताए। प्रतियोगितामा सहभागी हुन चाहने टोलीले भदौ २० गतेभित्र टिम दर्ता गर्नु पर्ने छ । टिम दर्ता शुल्क ३ हजार रुपैयाँ तोकिएको छ।

# मन्दिरको पाँच लाख ५५ हजार भेटी बाढीपीडितलाई

पोखरापत्र संवाददाता
बागलुङ, १६ भदौं

बागलुङ कालिका भगवती मन्दिरले रु पाँच लाख ५५ हजार भेठी सङ्कलन भएको रकम भोटेकोशी बाढीपीडितलाई सहयोग गरेको छ।

कालिका भगवती गुठी व्यवस्थापन समितिको आज बसेको बैठकले भोटेकोशी बाढीपीडितको उद्धार र राहतका लागि मन्दिरको भेटीबापत सङ्कलित रकमबाट सहयोग गने निर्णय गरेको समितिका अध्यक्ष रामबहादुर खड्काले जानकारी दिनुभयो।

बाढीपीडितको उद्धार र राहतमा मन्दिरमा सङ्कलन भएको भेटीको रकमबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषलाई सहयोग गर्ने निर्णयअनुसार कोषमा रकम जम्मा गरिने उहाँले बताउनुभयो । कालिका भगवती मन्दिर गण्डकी प्रदेशको प्रसिद्ध शक्तिपीठमध्येको प्रमुख हो। मन्दिरमा वार्षिक रूपमा १० लाख भक्तजन आउने र करोडौँ भेटी सङ्कलन हुँदै आएको छ। विसं १५९१ मा स्थापना भएको यो मन्दिरमा मङ्गलबार र शनिबार विशेष पूजा हुने गर्दछ।

# भोटेकोशी बाढी प्रभावितलाई लेउवा संघको सहयोग

पोखरापत्र संवाददाता
म्याग्दी, १६ भदौं

प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख प्रदान

लेखनाथ, १४ भदौ – भोटेकोशी नदीमा बुधबार बिहान आएको विनाशकारी बाढीबाट प्रभावित नागरिकको उद्धार र राहतमा सघाउन लेखनाथ उद्योग वाणिज्य संघले 'प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष' मा रु २ लाख आर्थिक सहयोग जम्मा गरेको छ।

यस विपद्को कठिन परिस्थितिमा प्रभावित नागरिकको उद्धार, राहत र पुनर्स्थापनामा सहयोग पुर्‍याउने संस्थागत दायित्व महसुस गर्दै आफूहरूले उक्त रकम जम्मा गरेको संघकी अध्यक्ष जानुका पराजुली अधिकारीले जानकारी दिएकी छिन । विपद्को समयमा निजी क्षेत्रको तर्फबाट सामाजिक उत्तरदायित्व निर्वाह गर्दै उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यमा सरकारसँग सहकार्य गर्दै आएको उनले बताईन

भोटेकोशीको बाढीले रसुवा, नुवाकोट र धादिङ जिल्लामा ठूलो जनधनको क्षति पुर्‍याएको थियो। यस अपूरणीय क्षतिप्रति संघले गहिरो दुःख व्यक्त गरेको छ।

राष्ट्रिय विपत्तिको यस घडीमा राज्यको राहत प्रयासमा हातेमालो गर्न सम्पूर्ण उद्योगी, व्यवसायी र आम नागरिकलाई आ-आफ्नो तर्फबाट सक्दो सहयोग गर्न समेत संघले हार्दिक अपिल गरेको छ।

बाढीमा परी ज्यान गुमाउनेहरूप्रति संघले भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घरबार विहीन र घाइतेहरूको शीघ्र उद्धार, उपचार तथा पुनर्स्थापनाको कामना गरेको छ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



प्रस्तुत विषयमा बागलुङ जिल्ला बागलुङ नगरपालिका वडा नं. १० (साविक भकुण्डे गा.वि.स. वडा नं. १) निवासी भारतीय सैनिक नं. ५४४५००० हवल्दार हरिलाल थापाको तपशिलका परिवारका सदस्यको नेपाली नागरिकता प्रमाणपत्रमा रहेको नामथर, जन्ममिती र भारतिय सैनिक कागजातमा भएको विवरण फरक परेको भएता पनि व्यक्ति एउटै भएको भनि बागलुङ नगरपालिका १० नं. वडा कार्यालय बागलुङको च.नं. १९५ मिती २०८३।०५।११ को सिफारिस पत्रबाट सिफारिस भइ आएको व्यहोरा पेन्सन प्रयोजनका लागि मात्र जानकारीका लागि अनुरोध छ ।

तपशिल

| क्र.सं | ने.ना.प्र.प. अनुसारको नाम थर र जन्ममिति | भारतीय आर्मी कागजातमा भएको नामथर | नाता |
|---|---|---|---|
| १ | मनकली मगर्नी Mankali Magarni बि.स. २०२५/०३/०१ 14 June 1968 | मनकली थापा Mankali Thapa बि.स. २०२२/१०/०३ 16 January 1966 | श्रीमती |
| २ | कुशुम छन्त्याल (KUSHUM CHHANTYAL) | कुसुम छन्तेल थापा (KUSUM CHHANTEL THAPA) | छोरी |
| ३ | काजल छन्त्याल थापा (KAJAL CHHANTYAL THAPA) | काजल छन्तेल थापा (KAJAL CHHANTEL THAPA) | छोरी |
| ४ | कुशल छन्त्याल थापा (KUSHAL CHHANTYAL THAPA) | कुसल छन्तेल थापा (KUSAL CHHANTEL THAPA) | छोरा |

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पर्वत, कुश्मा

**एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा**



यस जिल्लास्थित साविक लेखफाँट गा.वि.स. वडा नं. ७ हाल जलजला गाउँपालिका वडा नं. ५ बस्ने भारतीय सेनका ५०४४२४९ F हवल्दार भीम बहादुर पुनको श्रीमती पिन माया अर्मजा पुनको नेपाली नगारिकता प्रमाणपत्रमा नामथर पिन माया अर्मजा पुन, जन्ममिति वि.सं २०१८।०८।०२ उल्लेख भएको र निजको श्रीमानको भारतीय सैनिक अभिलेखमा श्रीमतीको नामथर पिन माया पुन, जन्ममिति, सन् १९७१-०२-१८ उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी जिल्ला प्रहरी कार्यालय, पर्वतको च.नं ५३१ मिति २०८२।०६।२९ को सर्जमिन मुचुल्का पत्र र जलजला गाउँपालिका वडा नं. ५ को च.नं. २३५ मिति २०८२/०६/२७ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय स्याङ्जा

**दुई नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको सूचना**

जिल्ला स्याङजा पुतलीबजार नगरपालिका वडा नं ०८ निवासी भारतीय भु.पु.सै.नं. 5245638 हवल्दार 5/3 GR का मोतीराम थापाको ना.प्र.मा नामथर श्री नारान बहादुर शाही जन्म मिति २०१८/०६/०५ भएको, बुबाको ना.प्र.मा मेघ बहादुर शाही भएको तर भारतीय पेन्सन अभिलेखमा निजको नामथर मोतीराम थापा जन्म मिति ई.सं. ३०/११/१९६९, बुबाको नामथर चन्द्र बहादुर थापा भएको र निजको श्रीमती ना.प्र.नं. ५५१०७ की श्री गंगा कुमारी शाहीको ना.प्र.मा पतिको नामथर नारान बहादुर शाही भएको तर पतिको सैनिक अभिलेखमा निजको नाम गंगा कुमारी र पतिको नामथर मोतीराम थापा, जन्म मिति ई.सं. ३०/११/१९६९ उल्लेख भई फरक फरक नामथर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं १९ मिति २०८३/०४/०६ को पत्रबाट लेखि आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी

HIMALAYAN LIFE

प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल
फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९

**हकदाबी सम्बन्धी सूचना**

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएकोरनासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | HLI ४०२००००००४४ | ध्रुव बहादुर बि.क. | कुश्मा ०१, पर्वत |
| २ | PLI १६१०००४०२३ | आहाना राजेश्वरी राणा /शिव राणा | पोखरा-४, कास्की |

**एउटै व्यक्ति भएको सूचना**



पाल्पा जिल्ला रामपुर नगरपालिका वडा नं. ४ निवासी भारतीय भू.पु सैनिक नं. ०५२४५१०२F HON-NB-SUB का केश बहादुर थापा (ना.प्र.मा केश बहादुर शाही) को श्रीमती मीना कुमारी (ना.प्र.मा मीना कुमारी शाही) को नेपाली नागरिकता प्रमाणपत्र र भारतीय पेन्सन अभिलेखमा निम्न विवरण भई फरक परेको भएता पनि व्यक्ति एउटै भएको व्यहोरा रामपुर नगरपालिका ४ नं. वडा कार्यालयको च.नं.१३३,मिति २०८३।०५।०२ गतेको पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

तपशिलः
नागरिकता प्रमाणपत्रमा उल्लेखित नामथरः
नाम थरः मीना कुमारी शाही
जन्ममितिः-२०२६/०८/१७
भारतीय पेन्सन कागजातमा उल्लेखित नामथरः
नाम थरः मीना कुमारी
जन्ममिति सनः-१९६९/१२/०२

जिल्ला प्रशासन कार्यालय, पाल्पा

**एउटै व्यक्ति भएको सूचना**



म्याग्दी जिल्ला साविक रुम गा.वि.स. वडा नं. ९ हाल मालिका गाउँपालिका वडा नं. ३ वस्ने भारतीय सेनाका भू.पू. सैनिक नं. ५२४१९७२ F का दल बहादुर रानाको श्रीमती तनसरी मगर्नीको नेपाली नागरिकताको प्रमाणपत्रमा नामथर तनसरी बुढाथोकी (राना) उल्लेख भएको र आर्मी रेकर्ड / डिस्चार्ज सर्टिफिकेट / पेन्सन पट्टामा नामथर तनसरी मगर्नी उल्लेख भै नामथर फरक परेता पनि निज व्यक्ति एउटै भएको भनी सम्वन्धित मालिका गाउपालिका ३ नं. वडा कार्यालयको च.न. १४२ मिति २०७५।०२।०१ को पत्रवाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, म्याग्दी

**एउटै व्यक्ति भएको सूचना**



पर्वत जिल्ला साविक पाखापानी गा.वि.स. वडा नं. ४ हाल महाशिला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु सैनिक नं. ५८४३३८४, ३/९ GR, टि.एस नायक लेख बहादुर मल्लको श्रीमती मन कुमारी हमालको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर मन कुमारी हमाल, जन्म मिति २०१५/०१/०५ (17/04/1958 AD) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर मन कुमारी (Man Kumari), जन्म मिति २०१८/०८/१७(02/12/1961 AD) उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर, जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर, जन्म मिति भएको व्यक्ति एउटै भएको भनी महाशिला गाउँपालिका ४ नं. वडा कार्यालय पर्वतको च.नं. १६३, मिति २०८३/०५/१० को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

जिल्ला प्रशासन कार्यालय, पर्वत


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : मानसिक तनाव | धनु | : आर्थिक समस्या |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |


हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# मुस्ताङमा छिटो पाक्ने स्याउ टिप्न सुरु

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १६ भदौं



जिल्लाको स्याउ बगैंचामा धमाधम छिटो पाक्ने स्याउको ‘पोस्ट हार्भेस्ट’ सुरुआत गरिएको छ । जिल्लास्थित सरोकारवाला निकायहरुले जिल्लामा छिटो पाक्ने स्याउ टिप्ने समय यही भदौ १५ गते तोकिएसँगै किसान तथा व्यापारीले धमाधम छिटो पाक्ने जातका स्याउ टिप्न सुरु गरेका हुन् ।

जिल्लाको स्याउको गुणस्तर कायम राख्न तथा बिक्री वितरण गर्न जनाउँदै जिल्ला समन्वय समितिको पहलमा पाँच स्थानीय तहका जनप्रतिनिधि, कृषि तथा पशु विकास कार्यालय, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, स्थानीय प्रशासन र कृषक प्रतिनिधिहरुको रोहबरमा मुस्ताङमा छिटो पाक्ने र ढिलो पाक्ने स्याउको टिपाइ कार्यतालिका सार्वजनिक गरेका थिए । यहाँ उत्पादन हुने स्याउको गुणस्तर राम्रो हुने तथा बजारको मागसमेत पूर्ति हुने र स्याउको ख्याति राम्रो हुने र स्याउमा गुलियोपना हुनु पर्ने जोड दिदै छिटो पाक्ने स्याउ यही भदौ १५ गते र ढिलो पाक्ने स्याउ भदौ २२ गतेदेखि टिप्न पाईने निर्णय गरिएको थियो । कृषि तथा पशु विकास कार्यालयका प्रमुख डालालमणि अर्यालले जिल्लामा छिटो पाक्ने स्याउ सोमबारबाट टिप्न सुरु भएको बताउनुभयो । उहाँका अनुसार मुस्ताङको थासाङ, घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा छिटो पाक्ने अर्लि भेराईटीका गाला र गोल्डेन जातको स्याउ टिपाई सुरु भएको हो । कार्यालय प्रमुख अर्यालयका अनुसार उच्चघनत्व प्रविधिमा आधारित (हाइब्रिड) जातको गाला र गोल्डेन स्याउको धमाधममा कृषकको बगैचाहरुमा ‘पोस्ट हार्भेस्ट’ भइरहेको छ । जिल्लामा उत्पादित छिटो पाक्ने स्याउ हरितालिका तीज पर्वलाई लक्षित गरी कृषक तथा व्यापारीहरुले स्याउ टिप्न सुरु गरेको कार्यालय प्रमुख अर्यालयको भनाइ छ । किसान भीम गुरुङको स्याउ बगैंचामा पनि सोमबारदेखि धमाधम छिटो पाक्ने जातको स्याउ टिपाइ सुरु गरेको ग्रीन मुक्ति कृषि तथा पशुपन्छी विकास फार्मका व्यवस्थापक राम तामाङले जानकारी दिनुभयो । जिल्लास्तरीय बोर्ड बैठकको स्याउ टिप्ने कार्यतालिकाअनुसार आफूहरुको फार्ममा स्याउको पोस्ट हार्भेस्ट तथा स्याउ ढुवानी गरी काठमाडौं पुऱ्याउने तयारी भइरहेको बताउनुभयो ।

स्थानीय भीम गुरुङको स्याउ बगैँचामा स्याउ टिप्ने, स्याउलाई क्रेटमा राखेर स्टोरमा पुऱ्याउने, स्याउको ग्रेडिङ, नापतौल र प्याकेजिङलगायत स्याउ लोड गर्ने कार्यका लागि करिब तीन दर्जन कामदार परिचालित गरिएको छ । व्यवस्थापक तामाङले ४० रोपनीमा उत्पादन भएको हाइब्रिड छिटोपाक्ने स्याउ हार्भेस्ट गरी दुईदिन भित्र काठमाडौं पुऱ्याउने योजना रहेको बताउँनुभयो । उहाँका अनुसार उच्चघनत्वको हाइब्रिड स्याउको टिपाइ सुरु भए पनि स्थानीय जातको लोकल स्याउ भदौपछि मात्रै हार्भेस्ट गरिने बताउँनुभयो । यसैगरी घरपझोङ-५ ढुम्बास्थित चिम्ले अचार्ड कृषि फार्मको स्याउ टिप्ने योजना रहेकोमा काठमाडौं पुऱ्याउने सडक अवरुद्ध भएकाले केही दिनपछि मात्रै टिपाइ सुरु गर्ने योजना रहेको व्यवस्थापक आइतराम तामाङले जानकारी दिनुभयो । फार्ममा उत्पादन हुने छिटो र ढिलो पाक्ने सबै स्याउ काठमाडौंमा बजारिकण गर्ने सोच रहेको व्यवस्थापक तामाङको भनाइ छ । जिल्लामा स्याउको यहाँ सुरु भएसँगै यहाँका स्याउ बगैंचामा लटरम्म स्याउ फल्न थालेका छन् । स्याउको सिजन सुरु भएसँगै मुस्ताङमा स्याउ व्यापारीहरुको चहलपहल बाक्लिएको छ । स्याउ व्यापारीहरुले साउनअगावै किसानको बगैंचामा पुगेर बैनापट्टा गरिसकेपछि स्याउको बिक्री वितरणका लागि स्याउ सङ्कलन गर्न मुस्ताङ आउने गर्छन । जिल्लामा गत वर्ष करिब ९० करोड बढीको स्याउ उत्पादन भएको थियो । कृषि तथा पशु विकास कार्यालय मुस्ताङका अनुसार गत वर्ष मुस्ताङमा उत्पादित स्याउमध्ये ८० प्रतिशत जिल्ला बाहिर निकासी भएको थियो भने २० प्रतिशत स्याउ जिल्लामै खपत भएको थियो । मुस्ताङमा करिब एक हजार ४०० हेक्टर क्षेत्रफलमा स्याउखेती गरिएको छ । पछिल्लो समय मुस्ताङका किसान छिटो र छरितो रुपमा उत्पादन दिनसक्ने उच्चघनत्व प्रविधिको हाइब्रिड स्याउखेतीतर्फको आकर्षण बढ्दै जान थालेको छ ।

# लेकसिटीका विद्यार्थीद्धारा भोटेकोशी बाढीपीडितलाई सहयोग

**इविक कर्माचार्य**
पोखरा, १६ भदौं




कक्षाकोठामा सामाजिक कार्यको पाठ पढिरहेका विद्यार्थीले त्यही ज्ञानलाई व्यवहारमा उतादै विपत्तिमा परेका नागरिकको पीडामा मलम लगाउने प्रयास गरेका छन् ।

लेकसिटी स्टुडेण्ड वेलफेयर क्लबको पहलमा पोखराको गैरापाटन स्थित लेकसिटी कलेज एण्ड रिसर्च सेन्टरमा सामाजिक कार्य (बिएएसडब्लु) अध्ययनरत विद्यार्थीहरूले भोटेकोसी बाढीपीडितका लागि राहत सामग्री संकलन गरी हस्तान्तरण गरेका छन् । भोटेकोसीमा गत १० भदौमा आएको बाढीले धेरै नागरिकको जनजीवन प्रभावित भएपछि विद्यार्थीहरू सहयोगको भावनासहित राहत संकलन अभियानमा जुटेका थिए । आफूले सक्ने सहयोग जुटाउँदै उनीहरूले संकलन गरेको खाद्यान्न, लत्ताकपडा तथा स्वास्थ्य र सरसफाइका सामग्री सोमबार पोखरा महानगरपालिकाले पोखरा प्रदर्शनी केन्द्रमा सञ्चालन गरेको आधिकारिक राहत सामग्री संकलन केन्द्रमा पुगेर हस्तान्तरण गरेका हुन् । ‘बाढीको विपत्तिमा परेका नागरिकलाई थोरै भए पनि राहत र राहतको महसुस पुगोस् भन्ने उद्देश्यले हामीले सामग्री संकलन गरेका हौं,’ बिए द्धित्तिय वर्षमा अध्ययनर्र इविक कर्माचार्यले पोखरापत्रलाई वताए । विद्यार्थीहरूले राहत सामग्रीमा तत्काल आवश्यक पर्ने खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुलाई प्राथमिकता दिएका छन् । उनीहरूले १० केजीका दरले पाँच बोरा तथा थप दुई साना बोरामा ५० प्याकेट सोयाबिन, दुई कार्टुन बिस्कुट, २० प्याकेट दालमोट, तीन बोरा चिउरा र दुई बोरा भुजा संकलन गरिएको कर्माचार्यले भने । त्यसैगरी, बाढी प्रभावित नागरिकको स्वास्थ्य तथा व्यक्तिगत सरसफाइलाई समेत ध्यान दिँदै विद्यार्थीहरूले १ सय २० थान मञ्जन, १ सय २० थान ब्रस र १ सय २० थान नुहाउने साबुन पनि राहतस्वरूप उपलब्ध गराएका छन् । विद्यार्थी सफल सुवेदीका अनुसार राहतमा दैनिक जीवनमा आवश्यक पर्ने सामग्रीलाई प्राथमिकता दिइएको पोखरापत्रलाई भने । कक्षाकोठामा सिकेको सामाजिक सेवाको अर्थलाई व्यवहारमा उतार्दै विद्यार्थीहरूले देखाएको यो सक्रियताले शिक्षा केवल किताबका पानामा सीमित हुँदैन, मानवताको सेवामा प्रयोग हुँदा त्यसको अर्थ अझ गहिरो हुन्छ भन्ने सन्देश दिएको छ । बाढीले घर-आँगन उजाडिएका र दुःखमा परेका नागरिकका लागि विद्यार्थीले जुटाएको सहयोग मात्रा सानो हुन सक्छ, तर त्यसमा जोडिएको संवेदना र मानवीय भावना भने ठूलो छ ।


नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
कुश्मा, पर्वत

**एउटै व्यक्ति भएको सूचना**



पर्वत जिल्ला महाशिला गाउँपालिका वडा नं. ४ बस्ने भारतीय भु.पु. सैनिक नं. JC 629234K, Unit: ( GR, Rank: SUB गम बहादुर खत्रीको श्रीमती धन कुमारी खत्रीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर धन कुमारी खत्री, जन्म मिति वि.सं. २०१९/०७/१५ (३१ अक्टोबर १९६२ ई.सं.) उल्लेख भएको तर श्रीमानको भारतीय पेन्सन अभिलेखमा निजको नामथर धन कुमारी, जन्म मिति १९५८ ई.सं. उल्लेख भई नेपाली नागरिकता प्रमाणपत्र र श्रीमानको भारतीय पेन्सन अभिलेखमा नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक नामथर र जन्म मिति भएको व्यक्ति एउटै भएको भनी महाशिला गाउँपालिका ४ नं. वडा कार्यालय पर्वतको च.नं. १५२, मिति २०८३/०५/०४ को सिफारिस पत्रबाट लेखी आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ ।

**प्रमुख जिल्ला अधिकारी**



नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
कास्की

**एउटै व्यक्ति भएको सूचना**



कास्की जिल्ला, माछापुच्छ्रे गाउँपालिका वडा नं. ०६ (साविक धिताल गा.वि.स. वडा नं.०७) निवासी भारतीय भु.पु.सै.नं. 5244865L, UNIT 3/3 GR, RANK HAV का राजमान गुरुङको माग निवेदन अनुसार निजको श्रीमती नन्द कुमारी गुरुडको ना.प्र.नं. ४६३०४२/२४२ जारी मिति २०६३/१०/२६ को नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति वि.सं. २०२२/०९/१८ (ई.सं. १९६६-०१-०२) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको जन्ममिति वि.सं.२०१९/१२/०१ (ई.सं. (१९६३-०३-१४) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको व्यहोरा अनुरोध छ भनि माछापुच्छ्रे गाउँपालिका ०६ नं. वडा कार्यालयको च.नं. १५४ मिति २०८३/०५/०८ को सिफारिस पत्रबाट लेखी आएकोले भारतीय पेन्सन प्रयोजन को लागि मात्र नियमानुसार हुन अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



नेपाल सरकार
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
बागलुङ

**एउटै व्यक्ति भएको सूचना**



बागलुङ जिल्ला काठेखोला गाउँपालिका वडा नं. ७ साविक रेश गा.वि.स. वडा नं. ५ भारतिय भू.पू. सैनिक नं. ८०३०९३५ M TS नायक वम बहादुर क्षेत्रीले भारतिय सेनामा सेवा गरी पेन्सन आएकोमा निजको श्रीमती ने.ना.प्र.प.नं. २०७८-१८९८ की जुना कार्कीको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर जुना कार्की र जन्म मिति वि.सं. २०२६/०८/१५ (ई.सं. १९६९/११/३०) उल्लेख भएको र निजको श्रीमानको पेन्सन रेकर्डमा श्रीमतीको नामथर जुना कुमारी र जन्म मिति वि.सं. २०२६/१०/२३ (ई.सं. १९७०/०२/०२) उल्लेख भई फरक परेतापनि उल्लखित दुई नामथर र दुई जन्म मिति भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको भनी काठेखोला गाउँपालिका, ७ नं. वडा कार्यालय, रेश, बागलुङको च.नं. ७४, मिति २०८३/०४/१५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र लानकारीका लागि अनुरोध छ ।

**प्रमुख जिल्ला अधिकारी**



**“शिक्षा स्वास्थ्य र पूर्वाधार, समुन्नत पुतलीबजारको आधार”**

## पुतलीबजार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### प्रगतिनगर, स्याङ्जा
### गण्डकी प्रदेश, नेपाल

## आ.व. २०८३/८४ को ढुंगा, गिट्टी, वालुवा उत्खनन् गरी बिक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्वन्धी सूचना

**प्रकाशित मितिः २०८३/०५/१७**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च), ढुङ्गा, गिट्टी, बालुवा बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन मापदण्ड २०७७ र यस नगरपालिकाको अन्तरिक आय संकलन तथा ठेक्का बन्दोबस्त सम्बन्धी कार्यविधि (संशोधित), २०८० को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन गरी गण्डकी प्रदेश सरकारले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक बोलपत्र दाताले सूचना प्रकाशन भएको २१ दिनभित्र निवेदन साथ फर्म दर्ता नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी बोलपत्र फारम यस कार्यालयमा बोलपत्र सम्बन्धी सर्तहरुको अधिनमा रही रीतपूर्वक बोलपत्र पेश गर्नको लागि आव्हान गरिन्छ। अन्य थप जानकारीको लागि कार्यालयबाटबाट प्राप्त गर्न सकिन्छ।

**ढुङ्गा, गिट्टी र वालुवा आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदि/खोलाहरुको विवरण | उत्खनन् गरिने घाटको विवरण | उत्खनन् गर्न सकिने परिमाण (घन मिटर ) | न्युनतम ठेक्का अंक रकम (मु.अ.कर समेत) | बोलपत्र जमानत रकम | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 6-A/PM/IR/083/84 | आधिँखोला, सेती खोला | सेती खोला घाट र सेतिदोभान घाट | ५,३९२.८० | १७,२०,३००.३५ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-B/PM/IR/083/84 | आधिँखोला | पुतलीबजार नहर क्षेत्र घाट | ६,२९२.०० | २०,०७,१४४.६७ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-C/PM/IR/083/84 | आधिँखोला | छिंडिको रह घाट | ८,९३६.०० | २८,५०,५७९.२७ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-D/PM/IR/083/84 | रिङ्दी खोला | रिङ्दी खोला बगर घाट | ३,९०९.६० | १२,४७,१६०.३३ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-E/PM/IR/083/84 | सुरौदीखोला | सुरौदीखोला, प्युरिदोभान घाट | ६०४.८० | १,९२,९३०.८८ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-F/PM/IR/083/84 | आधिँखोला, दरौखोला | हेलु दोभान घाट | ७,२७६.८० | २३,२१,२९५.३५ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-G/PM/IR/083/84 | बहरबोट ठाडोखोला | बहरबोट ठाडोखोला घाट | १,८७२.०० | ५,९७,१६७.०१ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |
| 6-H/PM/IR/083/84 | पाङ्गे खोला | पाङ्गे खोला घाट | १२९६.०० | ४,१३,४२३.३२ | मु.अ.कर सहित कबोल अंकको ५% | २०८३/०६/०७, १२:०० |

**प्रमुख प्रशासकीय अधिकृत**